मुख्य समाचार

- विदेश मन्त्रालयले जनाएअनुसार, नयाँ दिल्लीमा आयोजित 18औं ब्रिक्स शिखर सम्मेलनदेखि छुट्टै प्रधानमन्त्री नरेन्द्र मोदी र चीनका राष्ट्रपति षी चिनफिंग बीच भएको भेटवार्तामा विभिन्न विषयहरूमा छलफल भयो।
- विदेश मन्त्री डा. एस. जयशंकरले भारतको 'एक्ट ईस्ट' (Act East) नीति, 'भिजन महासागर' र हिंद-प्रशांत दृष्टिकोणमा भियतनाम एक प्रमुख साझेदार रहेको बताउनुभएको छ ।
- रक्षा मन्त्री राजनाथ सिंहले रक्षा क्षेत्रमा आत्मनिर्भरता हासिल गर्न रक्षा बल, अनुसन्धान तथा विकास संस्थाहरू र उद्योग जगतबीच निर्बाध सहकार्य आवश्यक रहेको कुरामा जोड दिनुभयो ।
- यमुना नदीको पुनरुद्धारका लागि आज छ वटा राज्यका मुख्यमन्त्रीहरूले 'किशाउ बहुउद्देश्यीय बाँध परियोजना' सम्झौतामा हस्ताक्षर गरे। यी राज्यहरूमा उत्तर प्रदेश, उत्तराखण्ड, हिमाचल प्रदेश, हरियाणा, राजस्थान र दिल्ली समावेश छन् । र
- . पुरुष क्रिकेटमा, भारतले अहिले साँझ 7:30 बजे दिल्लीको अरुण जेटली स्टेडियममा अफगानिस्तान विरुद्ध दोस्रो टी-20 अन्तर्राष्ट्रिय मैच खेल्नेछ ।

<u>विदेश मन्त्रालय - जानकारी</u>

विदेश मन्त्रालयले जनाएअनुसार, नयाँ दिल्लीमा आयोजित 18औं ब्रिक्स शिखर सम्मेलनको देखि छुट्टै प्रधानमन्त्री नरेन्द्र मोदी र चीनका राष्ट्रपति षी चिंनफिंग बीच भएको भेटवार्तामा विभिन्न विषयहरूमा छलफल भयो। नयाँ दिल्लीमा आयोजित साप्ताहिक पत्रकार सम्मेलनमा विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले उक्त भेटमा प्रधानमन्त्रीले भारतका सरोकारहरूबारे चर्चा गरेको र दुवै पक्षले एक-अर्काका मुख्य सरोकारहरूप्रति संवेदनशीलता देखाउनुपर्ने कुरामा जोड दिएको बताए। यी सरोकारहरू 'तीन सिद्धान्तहरू- आपसी सम्मान, हित र संवेदनशीलता-द्वारा निर्देशित हुनुपर्ने कुरा उनले भने ओमानको तट नजिकै व्यावसायिक जहाज 'एमटी ईएल गाड्या'मा भएको आक्रमणसम्बन्धी एक प्रश्नको जवाफमा श्री जैसवालले यस क्षेत्रमा व्यावसायिक जहाज, नाविक, सर्वसाधारण र नागरिक पूर्वाधारमाथि हमला गर्नु भारतका लागि अस्वीकार्य रहेको बताए। उनले यस क्षेत्रका अन्तर्राष्ट्रिय जलमार्गहरूमा स्वतन्त्र तथा सुरक्षित जलयात्रा र व्यापारिक आवागमन यथाशीघ्र पुनर्स्थापना गर्न भारतले आग्रह गरेको पनि बताए। पाकिस्तानले जैश-ए-मोहम्मदका प्रमुख,मसुद अजहरमाथि 70 लाख पाकिस्तानी रुपैयाँको पुरस्कार घोषणा गरेको बारे सोधिएको प्रश्नमा उनले पाकिस्तानका यस्ता

दिखावाहरू भारतले विगतमा पनि देखिसकेको बताए। श्री जैसवालले भने कि पाकिस्तानले निरर्थक घोषणा गर्नुको सट्टा ठोस कारबाही गर्नुपर्छ।

<u>जयशंकर-भारत-भियतनाम</u>

विदेश मन्त्री डा. एस. जयशंकरले भारतको 'एक्ट ईस्ट' (Act East) नीति, 'भिजन महासागर' र हिंद-प्रशांत दृष्टिकोणमा भियतनाम एक प्रमुख साझेदार रहेको बताउनुभएको छ। नयाँ दिल्लीमा व्यापार, आर्थिक, वैज्ञानिक तथा प्राविधिक सहयोगसम्बन्धी भारत-भियतनाम संयुक्त आयोगको 19औं सत्रको सह-अध्यक्षता गर्ने क्रममा मन्त्रीले सो कुरा बताउनुभएको हो। डा. जयशंकरले आसियान (ASEAN) सँगको 'व्यापक रणनीतिक साझेदारी'को ढाँचामा भियतनाम एक महत्त्वपूर्ण साझेदार रहेको बताउनुभयो। उहाँले यो बैठक विगतमा गरिएका प्रतिबद्धताहरूको कार्यान्वयनको समीक्षा गर्ने तथा उच्च तहको राजनीतिक गतिशीलतालाई जनताका लागि ठोस र मूर्त नतिजामा परिणत गर्ने अवसर भएको ल होआई ट्रॉ बताउनुभयो। भियतनामका विदेश मन्त्री Lê Hoài Trung, सँगको भेटवार्तामा डा. जयशंकरले 'भारत-भियतनाम उन्नत व्यापक रणनीतिक साझेदारी' अन्तर्गत द्विपक्षीय सम्बन्धका सम्पूर्ण पक्षहरूको समीक्षा गर्नुभयो ।

<u>भारत-क्यानडा वार्ता</u>

सन् २०३० सम्ममा द्विपक्षीय  व्यापारलाई ५० अर्ब अमेरिकी डलर पुर्याउने लक्ष्यसहित, भारत र क्यानडाले नयाँ दिल्लीमा प्रस्तावित बृहत् आर्थिक साझेदारी सम्झौता (CEPA) का लागि वार्ताको चौथो चरण  सुरू गरेका छन्। हिजोबाट  सुरू भएको पाँदिने वार्ता १८ सेप्टेम्बरसम्म चल्नेछ र यसमा वस्तु तथा सेवाको व्यापार,  उत्पत्तिको नियम तथा व्यापारसम्बन्धी प्राविधिक अवरोधलगायतका मुख्य विषयहरूमा छलफल हुनेछ।

CEPA वार्ताको तेस्रो चरण यसअघि जुलाईमा ओटावामा सम्पन्न भएको थियो।

<u>इन्जिनियर दिवस</u>

भारतका महानतम इन्जिनियरहरूमध्ये एक, 'भारत रत्न' मोक्षगुन्डम विश्वेश्वरैयाको जन्मजयन्तीको अवसरमा आज 'राष्ट्रिय इन्जिनियर दिवस' मनाइँदै छ ।विश्वेश्वरैयाको योगदानको स्मरण गर्न र राष्ट्रको विकासमा इन्जिनियरहरूको भूमिकाको सम्मान गर्न हरेक वर्ष 15 सेप्टेम्बरमा यो दिवस मनाइन्छ । उपराष्ट्रपति सी. पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्रमोदीले यस अवसरमा उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो।

## जनाथ - विमर्श

रक्षा मन्त्री राजनाथ सिंहले आज रक्षा क्षेत्रमा आत्मनिर्भरता हासिल गर्न रक्षा बल, अनुसन्धान तथा विकास संस्थाहरू र उद्योग जगतबीच निर्बाध सहकार्य आवश्यक रहेको कुरामा जोड दिनुभयो । उहाँले प्रविधि अपनाउने प्रक्रियालाई गति दिन तथा भारतको रक्षा उत्पादन प्रणालीलाई सुदृढ बनाउन थप संवाद, सह-विकास र सह-उत्पादनमा जोड दिन आह्वान गर्नुभयो । आाई DF के मारकये -30 sec-नयाँ दिल्लीमा आयोजित DRDO- इंडस्ट्री सिनर्जी मीट 'विमर्श 2026' लाई सम्बोधन गर्दै मन्त्री सिंहले मिसाइलदेखि राडार, लडाकु विमानदेखि पनडुब्बी र इलेक्ट्रोनिक युद्ध प्रणालीदेखि आर्टिफिसियल इन्टेलिजेन्ससम्मका हरेक क्षेत्रमा DRDO ले आफ्नो क्षमता प्रमाणित गरिसकेको बताउनुभयो ।

## शाह - किशाउ बाँध परियोजना

यमुना नदीको पुनरुद्धारका लागि आज छ वटा राज्यका मुख्यमन्त्रीहरूले 'किशाउ बहुउद्देश्यीय बाँध परियोजना' सम्झौतामा हस्ताक्षर गरे। यी राज्यहरूमा उत्तर प्रदेश, उत्तराखण्ड, हिमाचल प्रदेश, हरियाणा, राजस्थान र दिल्ली समावेश छन्। नयाँ दिल्लीमा केन्द्रीय गृहमन्त्री अमित शाहको उपस्थितिमा उक्त सम्झौतामा हस्ताक्षर गरिएको हो।

## राष्ट्रपति र प्रधानमन्त्रीद्वारा नुवाखाई पर्वको शुभकामना

राष्ट्रपति द्रौपदी मुर्मुले आज कृषिमा आधारित सामुदायिक पर्व 'नुवाखाई' को अवसरमा देशवासी, विशेषगरी ओडिशा का जनतालाई शुभकामना व्यक्त गर्नुभएको छ। सोशल मीडिया पोस्टमा एक सन्देश जारी गर्दै राष्ट्रपतिले नुवाखाई केवल एक परम्परागत पर्व मात्र नभई सामुदायिक भोज तथा साथीभाइहरूसँग भेटघाट मार्फत सामाजिक र पारिवारिक आत्मीयताको प्रतीक पनि भएको बताउनुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले पनि नुवाखाईको अवसरमा नागरिकहरूलाई शुभकामना दिनुभएको छ।

## क्रिकेट

पुरूष क्रिकेटमा, भारतले आज साँझ ७.३० बजे देखि दिल्लीको अरूण जेटली स्टेडियममा अफगानिस्तान विरूद्ध दोस्रो टी -२० अन्तर्राष्ट्रिय खेल मैच खेल्दैछ।टस जीतरे भारतले पहिले बलिङ गरी रहेको छ। हिजो भएको पहिलो खेलमा सात विकेटको सानदार जित हात पार्दै भारतले तीन खेलको श्रृङ्खलामा १-० को अग्रता लिएको छ।

श्रृङ्खलाको तेस्रो खेल बिहीबार सोही  मैदानमा खेलिनेछ।

## सीबीआई - दिशा सालियान प्रकरण

दिवंगत अभिनेता सुशान्त सिंह राजपुतकी म्यानेजर दिशा सालियानको मृत्युको सम्बन्धमा सीबीआईले FIR दर्ता गरेको छ। सालियानको मृत्यु 8 जुन 2020 मा एउटा भवनको 12 औं तलाबाट खसेर भएको थियो। बम्बे उच्च अदालतको आदेशपछि यो एफआईआर दर्ता गरिएको हो। यसमा पूर्व मुख्यमन्त्री उद्धव ठाकरे, आदित्य ठाकरे, उनीहरूका सुरक्षाकर्मी, डिनो मोरिया, रोहन रोय, सूरज पञ्चोली, रिया चक्रवर्ती, शोविक चक्रवर्ती तथा प्रहरी अधिकारीहरू सचिन वाजे र परमवीर सिंहलगायतका व्यक्तिहरूको नाम उल्लेख गरिएको छ।